# ‘दोहाको सीधा उडान’ नियात्रा सङ्ग्रहको सङ्कथन विश्लेषण

**लीलादेवी गेलाल**
परीक्षा क्रमाङ्क : २०४००२८/२०६८
त्रि.वि. दर्ता नं. : ९-२-२०४-०१४६-२००९
क्याम्पस रोल नं. १/२०६७-०६९

शोधपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग अन्तर्गत एम.एड्. दोस्रो वर्षको
नेपाली शिक्षा ५९८ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत

कनकाई बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
सुरुङ्गा, झापा
सन् २०१८/वि.सं. २०७४

# सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नाकोत्तर दोस्रो वर्षका छात्रा लीलादेवी गेलालले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५९८ को आवश्यकता पूर्तिका लागि **दोहाको सीधा उडान नियात्रा संग्रहको सङ्कथन विश्लेषण** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै मिहिनेत गरी तयार पारिएको यस शोध कार्यबाट म पूर्ण रुपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि लागि सिफारिस गर्दछु ।

४ मार्च, २०१८

......................................
उपप्रा. विष्णुप्रसाद कोइराला
शोध निर्देशक
श्री कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापाबाट स्नातकोत्तर दोस्रो वर्षको नेपा.शि ५९८ पाठ्यांशको प्रयोजनका निमित्त शोधार्थी लीलादेवी गेलालद्वारा तयार पारिएको *'दोहाको सिधा उडान' नियात्रा सङ्ग्रहको सङ्कथन विश्लेषण* शीर्षकको प्रस्तुत शोधपत्र नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

.........................

उपप्रा. विष्णुप्रसाद कोइराला

शोध निर्देशक तथा विभागीय प्रमुख

.........................

सहप्रा. डिल्लीप्रसाद ढुवाडी

बाह्य परीक्षक

.........................

सहप्रा. जीवनाथ सुवेदी

विभागीय सदस्य

मिति : ०९ अप्रेल २०१८ (२०७४/१२/२६)

# प्रतिवद्धता पत्र

प्रस्तुत दोहाको सीधा उडान नियात्रा सङ्ग्रहको सङ्कथन विश्लेषण शीर्षकको शोधपत्र मैले गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका सबै तथ्यहरु प्रमाणित हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा कानुन बमोजिम दण्डित हुन तयार छु ।

शोधार्थी

लीलादेवी गेलाल

एम.एड्. दोस्रो वर्ष

# कृतज्ञता ज्ञापन

कुनैपनि विषयमा अनुसन्धान गर्ने कार्य आफैमा गहन र ओझिलो रहेछ । त्यसमा पनि पर्याप्त र आधिकारिक ढङ्गले पूर्वानुसन्धान कम भएका यस किसिमको विषयमा शोधपत्र तयार पार्नु मेरा लागि एउटा चुनौतिपूर्ण बन्यो । यस्तै कम अध्ययन अनुसन्धान भएका विषयमा शोधपत्र तयार पार्ने मेरो रहर र गुरुहरुको प्रेरणा र प्रोत्साहनको फलस्वरुप आज यो शोधपत्र तयार भएको छ । आफ्ना विविध कठिनाई र व्यस्तताका बाबजुत यो शोधपत्र शीर्षकचयन, शोधप्रस्ताव लेखन र शोधपत्रको अन्तिम स्वरुप तयार पारुञ्जेलसम्म आफ्ना अमूल्य र आवश्यक सल्लाह, सुझाव र निर्देशन दिनुहुने मेरो शोधनिर्देशक नेपाली भाषा शिक्षा विभाग प्रमुख तथा उप प्रा. विष्णुप्रसाद कोइरालाप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको यो सद्भाव, सुझाव र निर्देशनबिना यो शोधपत्रले यो स्वरुप धारण गर्ने थिएन । तसर्थ यसको पूर्णताको प्रथम श्रेय म उहाँलाई नै  दिन्छु ।

शोध शीर्षक चयन पश्चात तयार पारिएको शोध प्रस्ताव समयमा नै स्वीकृत गरी शोधपत्र लेखनको कार्यारम्भ गर्न मद्दत गर्ने नेपाली शिक्षण विभागलाई धन्यवाद । साथै शोध प्रस्तावको पूर्णताका निम्ति सदैव झक्झक्याउने गुरु उप. प्रा. सेरबहादुर बानिया र सह प्रा. जीवनाथ सुवेदीप्रति कृतज्ञ छु । शोधपत्र तयार पार्न निरन्तर सहयोग र उत्प्रेरित गर्ने जीवन साथी होमप्रसाद दुलालप्रति हार्दिक प्रेम व्यक्त गर्दछु साथ सम्पूर्ण शुभ चिन्तकहरुलाई धन्यवाद दिन्छु । प्रस्तुत शेधपत्रलाई यो रुप प्रदान गर्ने क्रममा मैले गुरुहरु, प्रियजन र मित्रजनहरुबाट प्राप्त गरेको आशीर्वाद, हौसला र सहयोग चीरस्मरणीय छ ।

अन्त्यमा, सुसाङ्ख्य टङ्कन कार्यमा कुशलतापूर्वक सहयोग गर्ने सगरमाथा कम्यूनिकेसन सुरुङ्गाका प्रोप्राईटर श्री दीपक खतिवडालाई धन्यवाद दिँदै यो शोधपत्रको आवश्यक मूल्याङकनका लागि त्रि.वि. शिक्षा विभाग, श्री कनकाई बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

लीलादेवी गेलाल

# शोधसार


प्रस्तुत शोधपत्र 'दोहाको सीधा उडान' नियात्रा सङ्ग्रहको सङकथन विश्लेषण शीर्षकमा शोध निर्देशक उप प्रा. तथा नेपाली शिक्षा विभाग प्रमुख विष्णुप्रसाद कोइराला निर्देशनमा नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस समक्ष शैक्षिक वर्ष २०७४ मा शोधार्थी लिलादेवी गेलालद्वारा तयार पारिएको छ ।

प्रस्तुत शोधको शीर्षक 'दोहाको सीधा उडान' नियात्रा सङ्ग्रहको सङकथन विश्लेषण रहेको छ । यस अनुसन्धानमा जनसङख्या तथा नमुनाका रुपमा नियात्राकार जय छाङछाद्वारा लिखित 'दोहाको सीधा उडान' नियात्रा भित्रका पाँचवटा शीर्षकका नियात्राहरु 'दोहाको सीधा उडान', 'नुन बोकेर दोहारित', 'करवा बसबाट अल ओक्रा', 'बसबाट अल खोरतिर', 'मुस्फर गुफाले झस्काएको क्षण' लाई लिईएको छ । प्रस्तुत कृतिमा भएका नियात्राहरुमा सङ्कथन विश्लेषणका युक्तिहरु सम्बद्धक र सम्बद्धनको प्रयोगको अवस्था बारे वर्णन गर्दै भाव सम्प्रेषणमा तिनले पारेको प्रभाव समेतको निष्कर्ष निकालिएको छ ।

यस अनुसन्धानको प्रमुख उद्देश्य 'दोहाको सीधा उडान' नियात्रा सङ्ग्रहको सङ्कथन विश्लेषण गर्नु रहेको छ । उक्त उद्देश्यमा केन्द्रित भएर प्रस्तुत कृतिभित्र सम्बद्धक र सम्बद्धनको अवस्था कस्तो छ भनी सूक्ष्म विश्लेषण  गरिएको छ । सम्बद्धक विश्लेषण अन्तर्गत सन्दर्भन सम्बद्धक (अग्र र पश्च), संयोजक सम्बद्धक (विकल्प बोधक), कारण बोधक, विपरीथार्थ बोधक, सङ्केत बोधक, विभाजन बोधक र समुच्चय बोधक), पुनरावृत्ति सम्बद्धक (आंशिक र पूर्ण), प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक र कोशीय सम्बद्धक (पर्यायवाचिता, विपरीतता, समावेशात्मक, श्रुतिसमभिन्नार्थकता र अनेकार्थकता) को प्रयोगको अवस्था र तिनको प्रभावका बारेमा विश्लेषण गरिएको छ भने सम्बद्धन अन्तर्गत कृतिमा आएका नियात्राहरुको वाक्यगत, अनुच्छेद, उपशीर्षकबद्ध पाठगत तथा पूर्ण कृतिगत सम्बन्ध, सम्प्रेषणीयता तथा सम्प्रेषणमा मितव्ययी भाषिक प्रयोगको अवस्थाबारे वर्णन विश्लेषण गरिएको छ । यस शोधकार्यमा कुनैपनि कृतिमा सङ्कथनका युक्तिहरुको प्रयोग के कसरी भएको हुन सक्छ ? तिनले कृति निर्माण तथा सम्प्रेषणमा के कस्तो प्रभाव पारेका हुन्छ ? जस्ता समस्याहरुलाई समेत परोक्ष रुपमा अघि सारिएको छ ।

पुस्तकालयीय तथा वर्णनात्मक विधिको उपयोगद्वारा सम्पन्न गरिएको यस शोध कार्यमा प्रस्तुत कृतिभित्र सङ्कथनका युक्तिहरुको प्रयोगावस्था र तिनले अर्थ सम्प्रेषणमा पारेका प्रभाव एवं सिर्जना गरेको भाषिक मितव्ययिताका बारेमा आवश्यकता अनुसार उदाहरणार्थ तालिका तथा आरेखहरुको समेत प्रयोग गरी गम्भीर विश्लेषण गर्नुका साथै नियात्रा शिक्षण, भाषिक अभिव्यक्तिमा सङ्कथनको प्रयोगको खोजी, सङ्कथनका युक्तिहरुको प्रयोगावस्थाका आधारमा कुनै पनि कृतिको पठन, शिक्षण तथा समालोचना एवं सङ्कथनका युक्तिहरुको उचित प्रयोगद्वारा कृतिको बनोट र बुनोटमा गर्न सकिने परिमार्जन जस्ता कुरालाई ख्याल गर्दै लेखक, पाठक, भावी अनुसन्धाता, शिक्षक/प्राध्यापक, विद्यार्थी र समालोचक समेतलाई उचित सुझाव प्रदान गरिएको छ ।

यस शोधकार्यमा प्रस्तुत कृतिभित्र सङ्कथनका युक्तिहरुको अत्यधिक तर उचित प्रयोग गरिएको पाइएको छ । विविध सम्बद्धकहरुको समुचित प्रयोगद्वारा लेखकले वाक्य, अनुच्छेद र पूर्ण कृतिभित्र समान शब्दको पुनरावृत्तिलाई न्यूनीकरण गरी कृतिलाई भाषिक एकाइहरुको थुप्रो हुनबाट बचाएका मात्र होइनन् वाक्यादिलाई आपसमा सम्बद्ध तुल्याएर भावार्थ सम्प्रेषणमा समेत उत्तिकै सहज, सरल अवस्था सृजना गराई सम्बद्धन पक्षलाई समेत बलियो बनाएका तथा भाषिक प्रयोगमा मितव्ययिता अपनाई थोरैमा धेरै अभिव्यक्ति दिन सफल भएका निष्कर्ष निकालिएको छ ।

# विषयसूची

**शीर्षक** **पृष्ठसंख्या**


प्रतिवद्धता पत्र अ

सिफरिस पत्र

स्वीकृति पत्र

कृतज्ञता पत्र आ

शोध सार इ

**अध्याय एक शोध परिचय**

अध्ययनको पृष्ठभूमि १

समस्या कथन २

अध्ययनको उद्धेश्य ३

अध्ययनको औचित्य ३

अध्ययनको परिसीमा ४

अध्ययनको रुपरेखा ४

**अध्याय दुई पूर्वकार्यको समीक्षा र सैद्धान्तिक खाका**

पूर्वकार्यको समीक्षा ५

अध्ययनमा पूर्वकार्यको उपयोगिता ७

सैद्धान्तिक /धारणात्मक रुपरेखा ८

सङ्कथन विश्लेषणको परिचय ९

सङ्कथन विश्लेषणका विशेषता १०

सङ्कथन विश्लेषणका अवधारणा ११

सङ्कथनका प्रकार १३

सङ्कथनका तत्वहरु १४

सङ्कथन विश्लेषणका युक्तिहरु १६

**अध्याय तीन अनुसन्धान विधि**


| | |
|---|---|
| अनुसन्धानात्मक ढाँचा | २१ |
| जनसङ्ख्या तथा नमुना | २१ |
| नमुना छनोट विधि | २१ |
| तथ्याङ्क सङ्कलनका स्रोत | २१ |
| तथ्याङ्क सङ्कलनका साधन | २२ |
| तथ्याङ्क सङ्कलन विधि | २२ |


**अध्याय चार : संकथन विश्लेषणका युक्तिहरुको आधारमा 'दोहाको सिधा उडान' को विश्लेषण**


| | |
|---|---|
| 'दोहाको सिधा उडान' मा सम्बद्धकको विश्लेषण | २३ |
| 'दोहाको सीधा उडान' को सम्बद्धन विश्लेषण | ४२ |


**अध्याय पाँच : सारांश, निष्कर्ष, उपयोगिता र सुझाव**


| | |
|---|---|
| सारांश | ४७ |
| निष्कर्ष | ४९ |
| शोधकार्यको उपयोगिता | ४९ |
| सुझावहरु | ५१ |
| सन्दर्भ सूची | ५३ |
| परिशिष्ट | क-ख |

# तालिका सूची


| तालिका नं. | | पृष्ठ |
|---|---|---|
| १. | निर्देशक सम्बद्धक | २५ |
| २. | सहनिर्देशात्मक सम्बन्धक | २६ |
| ३. | संयोजक सम्बद्धकहरु | ३० |
| ४. | पर्यायवाची शब्दहरुको प्रयोग शब्दकोशीय अर्थ | ३६ |
| ५. | विपरीतार्थक शब्दको प्रयोग | ३७ |
| ६. | अनेकार्थक शब्दको प्रयोग । | ३९ |